आज मिति २०८३ साल भाद्र १६ गते मंगलबारका दिन यस देवानगञ्ज गाउँपालिकाका अध्यक्ष श्री बेचन प्रसाद मेहताज्यूको अध्यक्षतामा बसेको आ.व. २०८३/०८४ को चौथो कार्यपालिका बैठक देहाय बमोजिमको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u> :

श्री बेचन प्रसाद मेहता — अध्यक्ष —

श्री कुमारी विभा यादव — उपाध्यक्ष —

श्री सुर्य नारायण पाल — वडा अध्यक्ष, वडा नं.१ —

श्री जग नारायण मेहता — वडा अध्यक्ष, वडा नं.२ —

श्री राम बहादुर महतो — का.वा. वडा अध्यक्ष, वडा नं.३ —

श्री सुशिल मेहता — वडा अध्यक्ष, वडा नं.४ —

श्री मनोज कुमार मण्डल — वडा अध्यक्ष, वडा नं.५ —

श्री हरिनन्दन मेहता — वडा अध्यक्ष, वडा नं.६ —

श्री सुर्य नारायण यादव — वडा अध्यक्ष, वडा नं.७ —

श्री रुणा देवी दास — कार्यपालिका सदस्य —

श्री उषा देवी यादव — कार्यपालिका सदस्य —

श्री सुनिता देवी यादव — कार्यपालिका सदस्य —

श्री सम्तुलिया देवी बाँतर — कार्यपालिका सदस्य —

श्री मनोज कुमार भगत — कार्यपालिका सदस्य —

श्री किशोर कुमार पाल — कार्यपालिका सदस्य —

श्री बाबुराम घिमिरे — सचिव —

<u>आमन्त्रित</u> :

श्री डिल्ली प्रसाद पोखरेल — प्रशासकीय अधिकृत —

श्री बिन्देश्वर यादव — लेखा अधिकृत —

श्री वाल कुमार श्रेष्ठ — कम्प्युटर अधिकृत —

प्रस्तावहरु :

१) समिक्षा सम्बन्धमा।

२) उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोग सम्बन्धमा।

३) योजनाहरुको ताकेता सम्बन्धमा।

४) मापदण्ड स्वीकृत सम्बन्धमा।

५) घर-नक्सा अभिलेखिकरण सम्बन्धमा।

६) गाउँपालिका सम्बन्धी मुद्दा खर्च सम्बन्धमा।

निर्णयहरु :

१) प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०८३/०८४ को मिति २०८३/०५/१० गते बसेको तेस्रो कार्यपालिका बैठकको निर्णयहरु सम्बन्धमा समिक्षा गर्दा संतोषजनक रुपमा कार्यान्वयन भएको व्यहोरा सर्वसम्मत निर्णय गरियो।

२) प्रस्ताव नं. २ माथि छलफल गर्दा मिति २०८३ भाद्र १० गते रसुवा जिल्लाको भोटेकोशी नदीमा आएको बाढीका कारण जनधनको ठूलो क्षति भएकोले प्रभावित नागरिकहरुको उद्धार, राहत तथा पुनर्स्थापना कार्यमा सहयोगार्थ तपसिल बमोजिमको पदाधिकारीको सुविधा तथा कर्मचारीहरुको पारिश्रमिक प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा योगदान गर्ने सर्वसम्मत निर्णय गरियो।

तपसिल :

| क्र.सं. | पदाधिकारी/कर्मचारी/शिक्षक | सहयोगार्थ रकम | कैफियत |
|---|---|---|---|
| १ | देवानगञ्ज गाउँपालिकाका सम्पूर्ण पदाधिकारीहरुको | १ महिनाको सुविधा | |
| २ | अधिकृतस्तरका कर्मचारी, माध्यमिक शिक्षक, नि.मा.वि. द्वितीय श्रेणी र प्रा.वि. प्रथम श्रेणी वा सो सरहका शिक्षक | ५ दिनको तलब | |
| ३ | नायब सुब्बा, खरिदार वा सो सरहका शिक्षक/कर्मचारी | ३ दिनको तलब | |
| ४ | श्रेणीविहीन कर्मचारी/सहयोगी | १ दिनको तलब | |

३) प्रस्ताव नं. ३ माथि छलफल गर्दा विगत आर्थिक वर्षमा बजेट विनियोजन भई सञ्चालनमा रहेका योजनाहरुको भौतिक प्रगति सन्तोषजनक नभएको देखिएकोले उक्त योजनाहरुको तुरुन्त सञ्चालनका लागि सम्बन्धित फर्म/निर्माण व्यवसायीहरुलाई ताकेता गर्ने सर्वसम्मत निर्णय गरियो ।

४) प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिका भित्र निर्माण भएका तथा निर्माण गरिने भवनहरु राष्ट्रिय भवन निर्माण सम्बन्धी मापदण्ड अनुसार नयाँ निर्माण भवनको गाउँपालिकाबाट स्वीकृत प्रदान गर्नका लागि यस देवानगञ्ज गाउँपालिकाको भवन तथा योजना मापदण्ड, २०८३ स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो ।

५) प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस देवानगञ्ज गाउँपालिकामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४२ (१) बमोजिम गाउँपालिकामा विभिन्न मितिमा अभिलेखिकरण प्रकृया सुरुवात गरी अभिलेखिकरणको अन्तिम चरणमा रहेकोमा मिति २०८३ साल बैशाख २१ गतेको भवन निर्माण व्यवस्थापन सुदृढिकरण समितिको निर्णय बमोजिम हाललाई अभिलेखिकरण कार्य तत्कालका लागि रोक्न निर्देशन दिएकोमा पटक-पटक आम नागरिकको गुनासो आएको हुँदा मिति २०८३ साल बैशाख २२ गते भन्दा अगाडी प्रकृया सुरुवात गरी निवेदन समेत दर्ता गरेका देहायका घरधनीहरुको स्थलगत प्राविधिक प्रतिवेदन प्राप्त भए पश्चात आवश्यक प्रकृया पुगेको भए स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४२ (१) बमोजिम अभिलेखिकरणको प्रमाण-पत्र उपलब्ध गराउने र हाललाई भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौंको प.सं.२०८२/०८३, च.नं. ४४४, मिति २०८३/०२/०४ गतेको परिपत्र भए अनुसार अभिलेखिकरणको कार्यलाई अर्को व्यवस्था नभए सम्मको लागि स्थगित गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | घरधनीको नाम | ठेगाना | निवेदनको मिति | निवेदन दर्ता मिति | कैफियत |
|---|---|---|---|---|---|
| १ | महानन्द यादव | देवानगञ्ज-७ | २०८३/०१/१० | ०२३५४ | |
| २ | चम्पा देवी महतो | देवानगञ्ज-१ | २०८२/१२/२२ | ०२३७७ | |
| ३ | डिम्पल कुमार मेहता | देवानगञ्ज-६ | २०८३/०१/०९ | ०२३८१ | |
| ४ | जलधरी महतो | देवानगञ्ज-४ | २०८२/१२/१९ | ०२३५३ | |

६) प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाको विरुद्ध जिल्ला अदालत तथा उच्च अदालतमा दायर भएका मुद्दाको बहस पैरवीका लागि आवश्यक पर्ने दस्तावेजहरु तयार गर्न विल भरपाईका आधारमा अधिकतम प्रति मुद्दा रु.४,०००/- (अक्षरेपी चार हजार मात्र) र मुद्दाको तारिक लिए बापत तारिक भरपाईको आधारमा प्रति तारिक रु.५००/- (अक्षरेपी पाँच सय मात्र) खर्च उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।